# परिशिष्ट





एकप्रतिके:—
सदरलाई मोरु । ५०.
मोफसल र हिन्दुस्थान लाई कंरु.॥

बार्षिक चन्दा:—
सदरलाई मोरु. ४ ।
मोफसल र हिन्दुस्थान लाई कं.रु.४

वर्ष २ | संवत् १९९२ , चैत्र । | संख्या २


# शूर बीर

[ लेखक हाईमन दास राई , गोरूवथान बस्ती ]

रूस जापानका युद्ध घमासान परिरहेको थियो । जापानका सहर औ गाउँमा युद्धकालागि अनेक युवकहरू उत्साह पूर्वक युद्ध विभागमा भर्ती हुँदै थिए। समाचारपत्रहरूमा बड़ा चाख सँग युद्ध समाचार छापिन लागिरहेका थिए । कैले फलानो ठाउँमा रसियनहरू हारे। कैले जापानीहरूको क्षति भो।

उता आफ्नो घरमा बसिरहेका, बीर कप्तान ओसाका पनि यो समाचारहरूलाई , बहुतै ध्यान सँग पढि रहेकाथिए। आज पनि यस्तै समाचार पढ्न मैं व्यस्त थिए । एकाएक टेलीफोनका आवाजले उनको ध्यान भंग भयो । औ झट उठेर टेलीफोनको चोंगा उठाई सुन्न लागे। ' हलो ! ' भन्ने आवाज सुनियो।

' हलो ! के कुरा छ ? ' भन्ने उत्तर कप्तान साहेबले दिए ।

'' सेनापतिको आज्ञा छ। अति चाडो गरी युद्धमा सामेल हुन आइपुग। '' यस्तो सुन्ना साथ कप्तानले टेलिफोन टेबिल माथि राखिदिए। औ आफै बरबराई भन्न लागे—सांचै आफ्नो रगत नबहाई काम लागेन । अब चाँडै के ऐले नै युद्धका लागि अस्त्र धारण गर्नु पर्ने छ। हँ, हँ ! यो बरबराउने बेला होइन , रिपुदल दबाउने बेला पो हो। यसो भन्दै उफ्रे र, झुडि रहेको तलवार झिकी कमरमा भिरे औ तमतयार हुन लागे ।

× × ×

"माता ! बिदा देऊ, जन्मभूमिको रक्षाको निम्ति; मलाई बलिदान गरिदेऊ। मेरो बलिदानले प्रसन्न भई देवीले हाम्रो देशको रक्षा गर्नेछन् ।" यी शब्द अद्भुत तौरले ओशाकाको गलाबाट निस्के । ओशाकाकी आमा पहिले त छक परिन' तर पछि केही चेत आई भन्न लागिन—'' यदि मेरो एउटा पुत्रले गर्दा; सहस्र देशवासीहरूको रक्षा भए , जाऊ ! आशीर्बाद छ ! कहिल्यै शत्रुलाई पीठ नदेखाउनू , बीर जापानीहरूको नाममा कलंक नलागाउनू । ''

यस पछि माताको चरणरज ली , ओशाका आफ्नी नवबधु कहाँ गए । यहाँ दुवैको भीषण प्रेमयुद्ध भयो करीब डेढ़ घण्टासम्म दुवैको अन्तिम बिनोद भो। औ अन्तमा', अन्तिम दिनसम्मको सम्झौनी बिर्साउनी चुम्बन गरी बिदा भए । तर दुवैको आँखाबाट छल् छल् आंसू खसिरहेको थियो । अहो ! यो बेलाको दृश्य कस्तो हृदय-बिदारक थियो होला।

उता कप्तानको लागि घोड़ा तयार गरिएको थियो । सरासर आई घोड़ाको लगाम साइसको हातबाटली-घोड़ाको पीठमा चढ़ी बाटो लागे। यति बेला ती युवकका मनमा कस्ता कस्ता भाव उठेका होलान् हकि ? यो म आफ्नो भरखरको सिकुवा कलमले लेखी देखाउन शक्-

दिन। औ ती रमणीका मनका विचारहरू ? खैर ।

घेरै बेरसम्म, जबसम्म कप्तानको घोड़ा नजरबाट लुप्त भएन, उनकी माता र पत्नीले हेरिरहे । जब टाड़ो भएर देख्न छोड़े , दुवै-आँसू पुछ्दै , आफ्ना आफ्ना ठाउँमा आई बसे ।

× × ×

जनरल—" कप्तान ओसाका ! तिमीले वीरता पूर्वक आज त्यो ड़ाँड़ामा रूसको सेनाको मुकाबला गर्नु पर्ने छ। " कप्तान—" शिरोषर छ । रूसीहरूका मुक्यबिलैका लागि आएको छु । " जनरल-"तिम्रोसाथमा ५० जना सिपाहीहरू रहने छन् औ त्यो दुई पहाड़ बीचको पुललाई उड़ाइदिनु पर्ने छ । " यति भनी जनरल उठिहाले , कप्तान पहाड़पट्टि हिंड़े । साथमा केही सिपाही र एउटा विशाल तोपका साथ झण्डै आधा घण्टासम्ममा पर्बतमा पुगे । झट्पट दूरबिन लगाई कप्तानले शत्रुहरूको निरीक्षण गरे , औ गोला दाग्ने आज्ञा तोपचीलाई दिए । दनादन गोला छोडिए । तर, अभाग्य ! कुनै नदिका गर्भमा खसे, कुनै एका छेउमा । बट्ट बड्ड पछिल्लो गोला नदीको बीचोबीचमा खस्यो । शत्रु केही बेरकालागि पछाडि फर्के । तर फेरि अगि बड्न शुरू गरे, ओशाकाले अनेक जुक्ति ता गरे, तर केहिशीप लागेन । रशियन्हरूले ओशाकाको दललाई आक्रमण गरे । मुट्ठीभर फौजको केही चलेन । आखिर ओशाका पनि मुर्छित भई लड़े । लडाई थामियो । रसियन्हरू फर्के ।

घोर अन्धकार थियो । कुनै चीजको आवाज सुनिंदैनथ्यो । यै बेला ओसाकालाई चेत आयो । उठे , सामूमा आफ्नो तोप देखे । औ केही विचार गरी त्यसै तोपको छेंड़ ( प्वाल ) भित्र पसे । तोप १० फीट लामो र ठुलो हुनाले भित्रैं पसिहाले ।

बिहानको कुरा । फेरि युद्ध पऱ्यो । पाँचजना रूशीहरू आए, तोपको नजिकैमा बात गर्नलागे । यसै तोपलाई काममा ल्याउने सल्लाह हुंदैथियो । एक छिन तोपको परीक्षा भो । धुँवा साफ भए पछि हेरियो, सारा रुख भरी रगत बापरे ! जापानी जादूगरको जादू । भाग , यहाँ बस्नु निकोछैन भन्दै पाँचै जना मात्र होइन सारा पल्टनै भागे यस पछि जीत जापानको भयो ।

- काठमान्डु नेपालबाट प्रकाशित, ऋद्धिबहादुर मल्लद्वारा सम्पादित **शारदा** पत्रिका, वर्ष २, अङ्क २ विस १९९२ मा छापिएको हायमनदास राई किरातको प्रथम प्रकाशित कथा *शूरवीर*।